बौधीमाई नगरपालिका
Baudhimai Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
सरमुजवा ,रौतहट
Sarmujawa Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province, Nepal

प्रत्र संख्या/Ref.no.
चलानी नं.Dispatch no.

मिति : २०८३/०२/०६

उधमशीलता प्रवर्द्धन कार्यक्रममा सहभागी हुने सम्बन्धी सूचना ।

दोस्रो पटक सूचना प्रकाशित मिति: २०८३/०२/०६

बौधीमाई नगरपालिका, रौतहट को चालु आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम तर्फ वैदेशिक रोजगारी बाट फर्किएका व्यक्तिहरुलाई लक्षित गरि ७ दिने उधमशीलता प्रवर्द्धन तालिम कार्यक्रम संचालन गर्न लागिएको हुँदा देहाय बमोजिमका इच्छुक तथा योग्य व्यक्तिहरुलाई यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र आवेदन पेश गर्न हुन् आह्वान गरिन्छ ।

१.कार्यक्रमको विवरण

- कार्यक्रमको नाम : उधमशीलता प्रवर्द्धन तालिम
- अवधि : ७ दिन
- स्थान : बौधीमाई नगरपालिका (तोकिने स्थान)
- सहभागी संख्या : २० जना

२. योग्यता तथा मापदण्ड

- वैदेशिक रोजगार बाट फर्किएको नेपाली नागरिक हुनुपर्ने
- उमेर १८ वर्ष देखि ५५ वर्षसम्म
- बेरोजगार वा रोजगारीको खोजीमा रहेको
- उधम संचालन गर्ने इच्छाशक्ति भएको
- महिला, दलित, जनजाति भएका तथा विपन्न वर्गलाई प्राथमिकता

३.आवश्यक कागजातहरु

- निवेदन / आवेदन पत्र
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- वैदेशिक रोजगार बाट फर्किएको प्रमाण पत्रको प्रतिलिपि (भिसा/ पासपोर्ट / प्रमाणपत्र)
- २ प्रति पासपोर्ट साईज फोटो

४.आवेदन दिने स्थान र समय

- स्थान: रोजगार सेवा केन्द्र , बौधीमाई नगरपालिका
- समय: कार्यालय समय भित्र (सोमवार देखि शुक्रवार)

५.अन्य व्यवस्था

- तालिम अवधिभर आवश्यक प्रशिक्षण सामग्री तथा खाजाको व्यवस्था नगरपालिका बाट गरिनेछ । तालिम पश्चात प्रमाण पत्रको व्यवस्था
- तालिममा अनिवार्य उपस्थित हुनुपर्नेछ ।

थप जानकारीका लागि बौधीमाई नगरपालिका , रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

उदयशंकर चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner